श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४२ सालको ऐन नं. २७

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### पर्यटन ऐन, २०३५ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : पर्यटन ऐन, २०३५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "पर्यटन (पहिलो संशोधन) ऐन, २०४२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. पर्यटन ऐन, २०३५ को दफा २ मा संशोधन : पर्यटन ऐन, २०३५ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,–

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :–

"(ख) "ट्राभल एजेन्सी" भन्नाले जुनसुकै नामबाट सञ्चालन गरिएको भए तापनि पर्यटक वा अन्य व्यक्तिको निमित्त शुल्क लिई भ्रमण,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बसोबास तथा आधुनिक सवारीको साधन उपलब्ध भएका स्थान-हरूमा दृश्यावलोकनसम्बन्धी प्रबन्ध मिलाउने व्यक्ति, फर्म वा कम्पनी सम्झनुपर्छ ।"

(२) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :–

"(ग) "ट्रेकिङ्ग एजेन्सी" भन्नाले जुनसुकै नामबाट सञ्चालन गरिएको भए तापनि पर्यटक वा अन्य व्यक्तिहरूलाई विविध प्राकृतिक एवं साँस्कृतिक दृश्यावलोकन गराउने उद्देश्यले शुल्क लिई साधारणतया आधुनिक सवारीको साधन उपलब्ध नभएका स्थानहरूमा यात्रा गराउने प्रबन्ध मिलाउने व्यक्ति, फर्म वा कम्पनी सम्झनुपर्छ ।"

(३) खण्ड (ङ) मा रहेको "खडा गरिएको" भन्ने शब्दहरूपछि "पर्वतारोहण सम्बन्धी खास प्रविधि विना पुग्न सकिने" भन्ने शब्दहरू राखिएका छन् ।

(४) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छ :–

"(झ) "उचाइमा जाने कामदार" भन्नाले आधार शिविरभन्दा माथि आवश्यक मालसामान लैजाने ल्याउने कामदार सम्झनुपर्छ ।"

(५) खण्ड (ड) मा रहेको "भ्रमणसम्बन्धी" भन्ने शब्दहरू झिकिएका छन् ।

३. मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :–

"(४) उपदफा (३) बमोजिम जारी भएको इजाजतपत्र तोकिएको अवधिभित्र तोकिएको दस्तूर तिरी नवीकरण गराउनु पर्नेछ ।"

४. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ को उपदफा (१) मा रहेको "भ्रमण, बसोबास वा पदयात्रासम्बन्धी प्रबन्ध मिलाए" भन्ने शब्दहरूको सट्टा "आफ्नो सेवा" भन्ने शब्दहरू राखिएका छन् ।

५. मूल ऐनको दफा ६ मा संशोधन : (१) मूल ऐनको दफा ६ को,–

(१) उपदफा (१) मा रहेको "ट्राभल एजेन्सीले पर्यटकको भ्रमण वा बसोबासको प्रबन्ध मिलाउन" भन्ने वाक्यांशको सट्टा "ट्राभल एजेन्सी वा ट्रेकिङ्ग एजेन्सीले पर्यटकलाई सेवा उपलब्ध गराउँदा" भन्ने वाक्यांश राखिएको छ ।

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :–

"(३) उपदफा (१) र (२) बमोजिम कारोबार भए नभएको विभागले जाँच गर्न सक्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. मूल ऐनको दफा ६ मा संशोधन : मूल ऐनको दफा ६ को,–

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः–

"(१) यस ऐनबमोजिम इजाजतपत्र नलिई कसैले ट्राभल एजेन्सी वा ट्रेकिङ्ग एजेन्सी खोलेमा वा त्यस्तो एजेन्सी नखोली सोसम्बन्धी कारोबार गरेमा वा गर्न खोजेमा विभागले त्यस्तो एजेन्सी वा कारोबार बन्द गर्न लगाई निजलाई दशहजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ।"

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :–

"(३) दफा ६ को उपदफा (१) उल्लङ्घन गर्ने व्यक्तिलाई विभागले पहिलो पटक कसूर गरेको भए बीसहजार रूपैयाँसम्म र दोस्रो पटकदेखि पटकै पिच्छे चालीसहजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ।"

(३) उपदफा (४) मा रहेको "ट्राभल एजेन्सीको" भन्ने शब्दहरूको सट्टा "ट्राभल एजेन्सी वा ट्रेकिङ्ग एजेन्सीको" भन्ने शब्दहरू राखिएका छन्।

७. मूल ऐनको दफा १८ मा संशोधन : मूल ऐनको दफा १८ को उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :–

"तर नेपाली पर्वतारोहीदल वा नेपाली र विदेशी संयुक्त पर्वतारोहीदलमा नेपाली पक्षले बुझाउनु पर्ने सलामी रकम नेपाली मुद्रामा बुझाउन सकिनेछ।"

८. मूल ऐनको दफा २० मा संशोधन : मूल ऐनको दफा २० को उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :–

"तर श्री ५ को सरकारले सम्पर्क अधिकृत लैजानु नपर्ने गरी हिमालचूलीहरू तोकन सक्नेछ।"

९. मूल ऐनको दफा २१ मा संशोधनः मूल ऐनको दफा २१ को उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

"तर पर्वतारोहीदलले तोकिएबमोजिमका कामदारहरू साथमा लैजानु पर्नेछ।"

१०. मूल ऐनको दफा २३ मा संशोधनः मूल ऐनको दफा २३ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः–

"(१क) उपदफा (१) बमोजिम कुनै व्यक्तिलाई पर्वतारोहण कार्य समाप्त हुनु अगावै कामबाट हटाइएमा त्यस्ता व्यक्तिले प्राप्त गरेको सुविधाका सामानहरूमध्ये आफ्नो जिउमा प्रयोग गरी सकेको लुगा, जुत्ता आदि बाहेकका सामानहरू पर्वतारोहीदललाई नै फिर्ता गर्नु पर्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०२

११. मूल ऐनको दफा २६ मा संशोधनः मूल ऐनको दफा २६ को,–

(१) उपदफा (२) मा रहेको "नियुक्त गर्दा" भन्ने शब्दहरूपछि "नेपाली पर्वतारोहीदल बाहेक विदेशी वा संयुक्त पर्वतारोहीदलले" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :–

"(३) उपदफा (१) बमोजिम नियुक्त प्रतिनिधिको काम कर्तव्य तोकिए बमोजिम हुनेछ ।"

१२. मूल ऐनको दफा २८ मा संशोधनः मूल ऐनको दफा २८ को उपदफा (१) मा रहेको "मार्फत" भन्ने शब्दपछि "वा सम्पर्क अधिकृत नभएमा सोझै" भन्ने शब्दहरू थपिएका छन् ।

१३. मूल ऐनको दफा २९ मा संशोधनः मूल ऐनको दफा २९ को उपदफा (१) मा रहेको "वा कुनै भरियालाई" भन्ने शब्दहरूको सट्टा "उचाइमा जाने कामदार, आधार शिविरका कामदार, स्थानीय कामदार वा पर्वतारोहीलाई" भन्ने शब्दहरू राखिएका छन् ।

१४. मूल ऐनमा दफा २९ क. थपः मूल ऐनको दफा २९ पछि देहायको दफा २९क. थपिएको छः–

"२९क. जानकारी गराउनेः (१) पर्वतारोहणको सिलसिलामा पर्वतारोहीदलका सदस्य, सम्पर्क अधिकृत, सरदार, पर्वतीय पथप्रदर्शक, उचाइमा जाने कामदार, आधार शिविरका कामदार वा स्थानीय कामदारमध्ये कसैको दुर्घटना भएमा वा दुर्घटना वा अन्य कुनै कारणले मृत्यु भएमा वा हराएमा यससम्बन्धी पूर्ण विवरणको प्रतिवेदन पर्वतारोहीदलका साथ खटी जाने सम्पर्क अधिकृत वा पर्वतारोहीदलको नेता वा कुनै सदस्यले श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुन आएको प्रतिवेदनको आधारमा कुनै व्यक्तिको सम्बन्धमा मृत्यु भएको वा हराएको भनी श्री ५ को सरकारले सम्बन्धित व्यक्ति वा निकायमा औपचारिकरूपमा जानकारी गराउन सक्नेछ ।"

१५. मूल ऐनको दफा ३८ मा संशोधनः मूल ऐनको दफा ३८ को,–

(१) उपदफा (३) मा रहेको "तीसहजार रूपैयाँदेखि पैंतालीसहजार रूपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "आरोहणको निमित्त खुला रहेको सर्वोच्च हिमालचूली



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०६

आरोहण गर्दा लाग्ने सलामी रकमको तीन दोब्बरसम्म" भन्ने शब्दहरू राखिएको छ ।

(२) उपदफा (४)मा रहेको "उल्लङ्घन गरेमा" भन्ने शब्दहरूपछि "वा उल्लङ्घन गर्न कसैलाई दुरूत्साहन गरेमा" भन्ने शब्दहरू थपिएको छ र "तीन वर्षसम्म पर्वतारोहणसम्बन्धी कुनै किसिमको प्रबन्ध मिलाउन नपाउने गरी रोक लगाउन सक्नेछ" भन्ने वाक्यांशको सट्टा "एक वर्षदेखि पाँच वर्षसम्म पर्वतारोहणसम्बन्धी कुनै किसिमको प्रबन्ध मिलाउन नपाउने गरी रोक लगाउन वा पाँचहजार रूपैयाँदेखि पच्चीसहजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय गर्न सक्नेछ" भन्ने वाक्यांश राखिएको छ ।

(३) उपदफा (६) पछि देहायको उपदफा (७) र (८) थपिएका छन्:-

"(७) कसैले कुनै पर्वतारोहीदल वा त्यसको कुनै सदस्यलाई यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियम वा श्री ५ को सरकारको आदेश वा निर्देशनलाई उल्लङ्घन गर्न दुरूत्साहन गरेमा निजलाई तोकिएको अधिकारीले पाँचसय रूपैयाँदेखि पाँचहजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम तोकिएको अधिकारीले दिएको आदेशबाट मर्का पर्ने व्यक्तिले "श्री ५ को सरकार समक्ष पैंतीस दिनभित्र उजूरी दिन सक्नेछ र त्यस्तोमा श्री ५ को सरकारले दिएको निर्णय अन्तिम हुनेछ ।"

१६. मूल ऐनमा परिच्छेद ५ क. थप: मूल ऐनमा परिच्छेद ५ पछि देहायको परिच्छेद ५क. थपिएको छ:-

"परिच्छेद-५क.

अन्य पर्यटन व्यवसायसम्बन्धी

४५ क. अन्य पर्यटन व्यवसायसम्बन्धी व्यवस्था: जलयात्रा (न्याफ्टिङ) ग्लाईडिङ, बेलुनिङ, जंगल सफारी, क्याम्पिङ, हाईकिङ, बर्डवाचिङ, स्काईङ, तथा तोकिएका अन्य पर्यटन व्यवसायहरूको दर्ता गर्ने, इजाजत लिने, नवीकरण गर्ने, संचालन गर्ने, इजाजत निलम्बन गर्ने तथा दर्ता खारेज गर्ने सम्बन्धमा तोकिएबमोजिम हुनेछ ।

४५ ख. अनुमति लिनुपर्ने: जलयात्रा, पदयात्रा तथा दफा ४५ क. मा उल्लेख भएका पर्यटनसम्बन्धी क्रियाकलापहरूमध्ये तोकिएका क्रियाकलापहरू गर्न पर्यटकले तोकिएको दस्तूर तिरी तोकिएबमोजिम अनुमति लिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०८

४५ ग. दण्ड सजायः (१) दफा ४५ क. बमोजिमको पर्यटन व्यवसाय गर्ने व्यक्तिले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा विभागले दिएको निर्देशन वा आदेश उल्लङ्घन गरेमा त्यस्तो व्यक्तिलाई तोकिएको अधिकारीले दशहजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(२) कुनै पर्यटकले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम अनुमति नलिई दफा ४५ ख. मा तोकिएको पर्यटनसम्बन्धी कुनै क्रियाकलाप गरेमा वा त्यस्तो अनुमति प्राप्त पर्यटकले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा निजलाई तोकिएको अधिकारीले पाँचहजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम तोकिएको अधिकारीले दिएको आदेशबाट मर्का पर्ने व्यक्तिले श्री ५ को सरकार समक्ष पैंतीस दिनभित्र उजूरी दिन सक्नेछ र त्यस्तोमा श्री ५ को सरकारले दिएको निर्णय अन्तिम हुनेछ ।"

१७. मूल ऐनको दफा ४७ मा संशोधनः मूल ऐनको दफा ४७ को उपदफा (१), (२) र (३) मा रहेको "लज" भन्ने शब्दपछि "वा दफा ४५ क. बमोजिमको पर्यटन व्यवसाय" भन्ने शब्दहरू थपिएका छन् ।

१८. मूल ऐनको दफा ४८ मा संशोधनः मूल ऐनको दफा ४८ र सोको प्रतिबन्धात्मक वाक्यांशमा रहेको "लज" भन्ने शब्दपछि "वा दफा ४५ क. बमोजिमको पर्यटन व्यवसाय" भन्ने शब्दहरू थपिएका छन् ।

१९. मूल ऐनको दफा ४९ मा संशोधनः मूल ऐनको दफा ४९ मा रहेको "वा बार" भन्ने शब्दहरूको सट्टा "बार वा दफा ४५ क. बमोजिमको पर्यटन व्यवसायको" भन्ने शब्दहरू राखिएका छन् ।

२०. मूल ऐनको दफा ५० मा संशोधनः मूल ऐनको दफा ५० मा रहेको "वा बार" भन्ने शब्दहरूको सट्टा "बार वा दफा ४५क. बमोजिमको पर्यटन व्यवसाय" भन्ने शब्दहरू राखिएका छन् ।

२१. मूल ऐनको दफा ५१ मा संशोधनः मूल ऐनको दफा ५१ मा रहेको "वा बारलाई" भन्ने शब्दहरूको सट्टा "बार वा दफा ४५ क. बमोजिमको पर्यटन व्यवसाय गर्ने व्यक्तिलाई" भन्ने शब्दहरू राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०८

२२. मूल ऐनको दफा ५५ मा संशोधनः मूल ऐनको दफा ५५ मा रहेको "होटल वा" भन्ने शब्दहरूपछि "दफा ४५ क. बमोजिमको पर्यटन व्यवसाय" भन्ने शब्दहरू थपिएका छन् ।

२३. रूपान्तरः मूल ऐन तथा पर्वतारोहणसम्बन्धी नियमावली, २०३६ मा प्रयोग भएका "उचाइमा जाने भरिया" तथा "स्थानीय भरिया" भन्ने शब्दको सट्टा क्रमशः "उचाइमा जाने कामदार" तथा "स्थानीय कामदार" भन्ने शब्दहरू राखिएका छन् ।

लालमोहर सदर मितिः– २०४२।७।१४।४

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४२ सालको ऐन नं. २८

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।